## कालीमाटी गाउँ कार्यपालिकाको प्रथम बैठक

आज मिति २०८१।४।१८ गतेका दिन विहान ८.०० बजेको समयमा कालिमाटी गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर खत्रि के.सी. ज्यूको अध्यक्षतामा तपसिल बमोजिम पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल भै देहाय बमोजीमका निर्णयहरु गरियो ।

### उपस्थिति:

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दान बहादुर खत्री के.सी. | अध्यक्ष | |
| २ | श्री सनसिल्ता वली डि.सी. | उपाध्यक्ष | |
| ३ | श्री कृष्ण प्रसाद पौड्याल | सचिव | |
| ४ | श्री रविलाल बस्नेत | कार्यपालिका सदस्य | |
| ५ | श्री ईन्द्र बहादुर वली | कार्यपालिका सदस्य | |
| ६ | श्री शिव बहादुर खत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री वेल बहादुर चन्द | कार्यपालिका सदस्य | |
| ८ | श्री टोप बहादुर कार्की | कार्यपालिका सदस्य | |
| ९ | श्री टेकराज पुलामी मगर | कार्यपालिका सदस्य | |
| १० | श्री मित्रलाल रिजाल | कार्यपालिका सदस्य | |
| ११ | श्री सुमित्रा राना | कार्यपालिका सदस्य | |
| १२ | श्री लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री टंकी परीयार | कार्यपालिका सदस्य | |
| १४ | श्री डिल्ली कामी | कार्यपालिका सदस्य | |
| १५ | श्री तिल कुमारी कामी | कार्यपालिका सदस्य | |
| १६ | श्री विष्णु वली राजी | कार्यपालिका सदस्य | |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | श्री यज्ञ बहादुर खत्री | अधिकृत छैठौं | |
| १ | श्री एकलाल राना | लेखाप.ल | |
| २ | श्री दीप बहादुर वली | एमआईएस अपरेटर | |
| ३ | श्री छविलाल खत्रि | कार्यालय सहयोगी | |

**प्रस्तावहरु:**

१ अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२ आन्तरिक नियन्त्रण तथा बेरुजु फछ्यौट समिति गठन सम्बन्धमा ।

३ कानून निर्माण तथा संशोधन सम्बन्धमा ।

४ पालिका हुलाक कार्यालय व्यवस्थापन सम्बन्धमा ।

५ भूमि ईकाईमा कर्मचारी व्यवस्थापन ।

६ फिल्ड सहायकको तलव भत्ता सम्बन्धमा ।

७ कर्मचारी सरुवा तथा व्यवस्थापन ।

८ विविध ।

## निर्णयहरु:

**निर्णय नं. १**

कालिमाटी गाउँपालिका गाउँ कार्यपालिकाको आर्थिक वर्ष २०८०।०८१ को वार्षिक कार्यक्रमको समिक्षा गरि

**निर्णय नं. २**

आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानून बमोजिम पुर्याउनुपर्ने रीत नपुर्याई कारोबार गरेव राख्नुपपर्ने लेखा नराखेको तथा अनिमियत वा बेमुनासिव तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण औल्याइएको वा ठहर्याइएको कारोबारलाई फर्छ्यौट गर्न (बेरुजुको लगत अद्यावधिक राख्न, असुल उपर गर्नु पत्राचार गर्न, प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेश गर्न भनि पत्राचार गर्न र नियमित गर्नु पर्नेमा राय सहित कार्यपालि पेश गर्न) तपसिल बमोजिम आन्तरिक नियन्त्रण तथा बेरुजु फर्छ्यौट समिति गठन गर्ने निर्णय गरियो।

तपसिल

| | | |
|---|---|---|
| १ | श्री कृष्ण प्रसाद पौड्याल (प्रमुख प्रशासकीय अधिकृत) | संयोजक |
| २ | श्री एकलाल राना (लेखापाल) | सदस्य |
| ३ | श्री हरिमाया सापकोटा (आ.ले.प) | सदस्य |

**निर्णय नं. ३**

कालिमाटी गाउँपालिका द्धारा वार्षिक रुपमा उत्कृष्ट कर्मचारी छनौट गरी पुरुस्कार तथा सम्मान्न गर्ने कार्यक्रम रहेव हुँदा सो उत्कृष्ट कर्मचारी छनौटको लागि गाउँपालिकाले उत्कृष्ट कर्मचारी छनौट मापदण्ड को मस्यौदा तयार गर्ने कालिमाटी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७६लाई संघीय कानूनबमोजिम एकरुपता हुने ग आवश्यक संशोधनको लागि मस्यौदा तयार गर्ने साथै सो प्रयोजनको लागि तपसिल बमोजिम मस्यौदा समिति निर्माण गर्ने निर्णय गरियो।

तपसिल

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष श्री दान बहादुर खत्री के.सी. | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण प्रसाद पौड्याल | सदस्य |
| अधिकृत छैठौं श्री यज्ञ बहादुर खत्री | सदस्य |
| लेखापाल श्री एकलाल राना | सदस्य |
| एमआईएस अपरेटर श्री दिप वहादुर वली | सदस्य |
| सहायक चौथो श्री कुलमन वली | सदस्य |

मस्यौदा समितिले आवश्यक ठानेमा कुनै अधिवक्ता वा कानून अधिकृतलाई आमन्त्रण गर्न सक्नेछ।

**निर्णय नं. ४**

नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०८०।१०।२५ गतेको निर्णयानुसार तथा हुलाक सेवा विभाग प.स.२०८०।०८१ च.न. क.प्र.१७०७ र जिल्ला हुलाक कार्यालय सल्यानको मिति २०८१।०४।०६ च. न. ९ को प्र पत्रानुसार एक स्थानीय तहमा एक हुलाक कार्यालय रहने गरी संगठन तथा दरवबन्दी स्वीकृत भएकोमा र हाल य पालिका नजिकै हुलाक कार्यालयको आफ्नै भवन तथा जग्गा नभएकाले पालिकाले हुलाक कार्यालय स्थापना लागि आवश्यक व्यवस्थापन तथा सहजीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

राष्ट्रिय भूमि आयोग विघटन भै अर्को भूमि आयोग गठन नभएको र विघटित राष्ट्रिय भूमि आयोगले काम गर्ने/ नग सम्बन्धमा कुनै निर्देशन वा फैसला हाल सम्म प्राप्त नभएको हुँदा भूमि सम्बन्धि हाल सम्म भए गरेका कागजात त डाटाहरु सुरक्षित राख्ने र पालिकाको घर नक्सा शाखा समेतको कार्य गर्ने प्रयोजनको लागि एक जना सर्वेक्षक एकजना अमिनलाई निरन्तरता दिने गरी अन्य कर्मचारीहरुलाई अर्को भूमि आयोग गठन तथा थप निर्देशन प्राप्त नहुँ सम्मको लागि आजैको मितिबाट कार्यालयमा हाजिर नगराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

कालिमाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत पञ्जीकरण शाखामा कार्यरत २ दुई जना फि सहायक रहेकोमा हाल पञ्जीकरण विभागबाट १ एक जनामात्र फिल्ड सहायकको मात्र पारिश्रमिक उपलब्ध गराए हुँदा बाँकी रहेको १ एक जना फिल्ड सहायक श्री ओपेन्द्र डाँगीको कार्यदक्षता अनुसार २०७६ देखि पशुसे शाखामा रही कामकाज गरेकाले सोही पद तथा शाखामा समायोजन हुने गरी आन्तरिक स्रोतबाट पारिश्रमिक उपल गराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

आर्थिक वर्ष समाप्त भएपश्चात सेवा प्रवाहलाई चुस्तदुरुस्त बनाउन कार्यसम्पादनका आधारमा कर्मचारी सरुवा गर्नु भएकोहुँदा अन्तरपालिका सरुवा गर्ने प्रशासन शाखालाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित